# सामुदायिक विद्यालयमा करारमा शिक्षक, विद्यालय कर्मचारी र बालविकास सहजकर्ता छनोट सम्बन्धी कार्यविधि, २०७९

नगरकार्यपालिका बैठकबाट स्वीकृत मिति : २०७९/०६/०८

## शितगंगा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### ठाडा, अर्घाखाँची
### लुम्बिनी प्रदेश नेपाल

# सामुदायिक विद्यालयमा करारमा शिक्षक, विद्यालय कर्मचारी र बाल विकास सहजकर्ता छनोट सम्बन्धी कार्यविधि २०७९

**प्रस्तावना:-**

नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ। धारा ५७ को उपधारा ४ मा स्थानीय तहको अधिकार अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ ज मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी विद्यालय स्थापना नियमन, अनुगमन, गाभ्ने तथा सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मा स्थानीय तहमा रहेको छ।

यसै गरी शिक्षा नियमावली २०५९ को नियम ९७ मा करार शिक्षक नियुक्ति र परिच्छेद २३ मा सामदायिक विद्यालय कर्मचारी सम्बन्धी व्यवस्था भएको र करारमा शिक्षक नियुक्ति गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिमा निहित रहेको छ। माध्यमिक तहसम्मको शिक्षा सञ्चालन, नियमन, स्रोत व्यवस्थापन लगायत सम्पूर्ण जिम्मेवारी स्थानीय तहमा रहेको हुँदा सामुदायिक विद्यालयमा रिक्त दरबन्दी तथा राहत अनुदान कोटामा करारमा शिक्षक नियुक्तिका साथै विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता, शिक्षण अनुदानमा शिक्षक नियुक्ति गर्नका लागि विद्यालय व्यवस्थापन समितिलाई कानुनी तथा प्राविधिक सहयोग गर्न आवश्यक देखिएकोले यो कार्यविधि बनाइएको हो।

## परिच्छेद -१

## प्रारम्भिक

**१) नाम र प्रारम्भ :-**

क) यस कार्यविधिको नामः “सामुदायिक विद्यालयमा करार शिक्षक, विद्यालय कर्मचारी र बाल विकास सहजकर्ता छनोट सम्बन्धी कार्यविधि २०७९” रहने छ।

ख) यो कार्यविधि शितगंगा नगरपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

**२) अर्थ र परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) “ कार्यालय ” भन्नाले शितगंगा नगर कार्यपालिकाको कार्यालयलाई जनाउने छ।

ख) “शिक्षा, युवा तथा खेलकुद शाखा” भन्नाले शितगंगा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउने छ।

ग) “वि. व्य. स.” भन्नाले सामुदायिक विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समितिलाई जनाउने छ।

घ) “विद्यालय” भन्नाले बाल विकासदेखि कक्षा १२ सम्मको शैक्षिक संरचना अनुसार व्यवस्थापन भएको सामुदायिक विद्यालयलाई जनाउने छ।

ङ) “छनोट समिति” भन्नाले विद्यालयमा रिक्त रहेको दरबन्दी, राहत अनुदान कोटामा शिक्षक, विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता, सामुदायिक सिकाइ केन्द्रका स.का. र शिक्षण अनुदानमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि गठन भएको छनोट समितिलाई जनाउने छ।

च) “विषय विशेषज्ञ” भन्नाले आधारभूत तह र माध्यमिक तहसम्म शिक्षक छनोट सम्बन्धी परीक्षा सञ्चालनका लागि यस नगरपालिकामा सूचीकृत भएका विषय विशेषज्ञको समूहलाई जनाउने छ।

छ) “प्रश्नपत्र बैङ्क” भन्नाले शितगंगा नगरपालिकाले शिक्षक, विद्यालय कर्मचारी र बाल विकास सहजकर्ता, सामुदायिक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानमा शिक्षक छनोट प्रयोजनका लागि प्रयोग गरिने, विषय विशेषज्ञबाट निमार्ण गरी भण्डारण सहितको प्रश्नहरूको सँगालोलाई जनाउने छ।

## परिच्छेद-२

**३) उद्देश्य:- यस कार्यविधिको उद्देश्य निम्नानुसार रहेको छ:**

क) सामुदायिक विद्यालयहरुमा रिक्त रहेको दरबन्दी तथा राहत अनुदान कोटामा करारमा शिक्षक, विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता, सामुदायिक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानमा शिक्षक नियुक्ति गर्नका लागि शिक्षा ऐन २०२८, शिक्षा नियमावली, २०५९ तथा प्रचलित कानुन अनुसार गठन भएको शिक्षक कर्मचारी छनोट तथा सिफारिस गर्नका लागि आवश्यक कानुनी तथा प्राविधिक सहयोग गर्ने।

## परिच्छेद -३

**४. अनुमति, शिक्षक छनोट समिति गठन, विज्ञापन र पाठ्यक्रम सम्बन्धी व्यवस्था:**

**४.१ अनुमति:**

क) सामुदायिक विद्यालयमा, अनिवार्य अवकाश, स्वेच्छिक अवकाश, सरूवा वा अन्य कारणबाट रिक्त रहेको स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटा, विद्यालय कर्मचारी, बाल विकास सहयोगी कार्यकर्ता, सामुदायिक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानमा करारमा शिक्षक नियुक्ति गर्नका लागि विद्यालय व्यवस्थापन समितिले रिक्त भएको कारण जनाई शिक्षक नियुक्तिका लागि अनुमति माग भएमा शितगंगा नगरपालिका शिक्षा शाखामा रहेको विद्यालयगत शिक्षक दरबन्दी तेरिज अनुसार ठिक भएमा विज्ञापनको लागि नगरपालिकाले अनुमति दिन सक्नेछ।

ख) अनुमति प्रदान गर्दा आधारभूत तह कक्षा १-५ मा शिक्षा नियमावली २०५९ को नियम ९१ र आधारभूत तह (कक्षा ६-८) साथै माध्यमिक तहमा विषयगत रूपमा करारमा शिक्षक नियुक्ति गर्ने गरी अनुमति दिनु पर्नेछ।

**४.२ शिक्षक, विद्यालय कर्मचारी र बाल विकास सहजकर्ता छनोट समितिसम्बन्धी व्यवस्था:**

क) सामुदायिक विद्यालय रिक्त रहेको दबन्दी तथा राहत अनुदान कोटामा शिक्षक नियुक्तिका लागि छनोट गरी सिफारिस गर्न प्रत्येक विद्यालयमा शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ अनुसार गठन भएको एक छनोट समिति हुनेछ।

ख) सामुदायिक विद्यालयमा रिक्त रहेको विद्यालय कर्मचारी, बाल विकास सहयोगी कार्यकर्ता, सामुदायिक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानमा शिक्षक नियुक्तिका लागि विद्यालयले बनाएको कार्यविधि अनुसार नगरपालिका शिक्षा शाखाको कर्मचारी रहने गरी बढीमा ३ (तीन) सदस्य रहेको छनोट समितिबाट हुनेछ।

ग) दफा ४ को उपदफा ४.२ को (ख) बमोजिम छनोट गर्न बिषय विज्ञको रुपमा सम्बन्धित क्षेत्रमा विज्ञता भएको व्यक्तिलाई विद्यालयको माग बमोजिम नगरपालिकाले खटाउन सक्नेछ।

घ) उपदफा ४.२ (क) र (ख) बमोजिम गठन भएको छनोट समितिको पदावधि करार शिक्षक तथा कर्मचारी सिफारिस भएपछी स्वत: सकिनेछ।

**४.३ विज्ञापन सम्बन्धी व्यवस्था:**

क) विद्यालय व्यवस्थापन समितिले करार शिक्षक, कर्मचारी र बालबिकास सहजकर्ता, सामुदायिक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानमा शिक्षक नियुक्तिका लागि अनुमति प्राप्त गरेपछि वि.व्य.स. को बैठक बसी कम्तिमा १५ दिनको म्याद राखी विज्ञापन गर्नु पर्नेछ।

ख) विज्ञापन स्थानिय रेडियो, पत्र पत्रिका र सम्बन्धित निकायहरुबाट समेत प्रकाशन प्रसारण गर्नु पर्नेछ।

ग) विज्ञापन गर्दा सूचनामा सम्पूर्ण विवरण खुलाई विज्ञापन गर्नुपर्नेछ।

**४.४ पाठ्यक्रम सम्बन्धी व्यवस्था:**

क) शिक्षक पदमा नियुक्तिको लागि परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

ख) विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता, सामुदायिक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानमा शिक्षक नियुक्तिका लागि पाठ्यक्रम तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

**५. शिक्षक, कर्मचारी र बालबिकास सहजकर्ता छनोट सम्बन्धी प्रकृया:**

५.१ शिक्षक, कर्मचारी र सहजकर्ता छनोट सिफारिस समितिले छनोट गर्न देहाय बमोजिम प्रकृयाहरू अवलम्बन गर्नु पर्नेछ :

क) शिक्षक, कर्मचारी, बालविकास सहजकर्ता, सामुदायिक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानमा छनोट गर्न विद्यालयको प्र.अ. सदस्य सचिव भै काम गर्ने र छनोट समितिको सचिवालय विद्यालयमा रहेनेछ।

ख) शिक्षक, कर्मचारी, बालविकास सहजकर्ता, सामुदायिक सिकाइ केन्द्रका परिचालिका छनोट सम्बन्धी परीक्षा नगरपालिकामा हुनेछ।

ग) शिक्षक छनोट समितिले शिक्षक छनोटका लागि लिइने लिखित तथा अन्तरवार्ताको परीक्षा समाप्त भै प्रयोगात्मक परीक्षा लिनु परेमा विषय र पदको प्रकृति हेरी प्रयोगशाला रहेको स्थानमा लिनु पर्नेछ।

घ) शिक्षक, कर्मचारी र सहजकर्ता छनोट समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफै निर्धारणं गरे बमोजिम हुनेछ।

ङ) छनोट समितिमा रहने सदस्यहरूमध्ये कुनै उम्मेदवारको नातागोता पर्ने भएमा उक्त समितिमा बस्न मिल्ने छैन।

च) कुनै पनि शिक्षक, कर्मचारी र सहजकर्ता पदका लागि लिइने परिक्षा दस्तुर शिक्षक सेवा आयोगले लिने दस्तुर भन्दा बढी हुने छैन।

छ) परीक्षाका लागि प्रयोग गरिने प्रश्नपत्रहरू प्रश्नपत्र बैङ्कबाट आवश्यक विधि प्रकृया पुरा गरी बस्तुगत, विषयगत र समूहगत रूपमा १/१ सेट नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख र विद्यालयले गठन गरेको छनोट समितिको रोहबरमा परीक्षा हुने दिनको परीक्षा सुरु हुनुभन्दा १ घण्टा अगाडि निकाली परीक्षा सञ्चालन गरिनेछ।

ज) शिक्षक पदमा लिखित परीक्षाको प्रथम पत्रमा उत्तीर्ण भएका उमेदवारलाई दोस्रो पत्रको परीक्षामा समावेश हुन योग्य मानिने छ।

झ) लिखित परीक्षा समाप्त भै सकेपछि उत्तरपुस्तिकाहरु कोडिङ, डिकोडिङ गरी २ जना विषय  विज्ञबाट परीक्षण गराउनु पर्नेछ।

ञ) दुई जना परीक्षकबाट परीक्षण भएको उत्तर पुस्तिकाको प्राप्ताङ्कलाई औषतमा निकाली नतिजा प्रकाशन गर्नुपर्ने छ।

ट) परीक्षकले उत्तरपुस्तिका परीक्षण गर्दा अनिवार्य रुपमा उत्तर कुञ्जिकाको प्रयोग गर्नु पर्नेछ।

ठ) दुवै परीक्षकले परीक्षण गरेको उत्तर पुस्तिकामा ७.५ अंकभन्दा बढी अकं फरक (अन्तर) भएमा पुन: परीक्षण गराउनु पर्नेछ।

ड) मुल परीक्षकले परीक्षण गरेको उत्तर पुस्तिकामा शंका लागेमा अन्य विज्ञ बोलाई पुन: परीक्षण गराउनु पर्नेछ।

ढ) शिक्षक छनोटसम्बन्धी थप प्रकृया यस कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद -५

**६. परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी थप व्यवस्था:**

क) लिखित, मैखिक तथा प्रयोगात्मक परीक्षा सामान्यतया परीक्षा छनोट समितिले तोकिए बमोजिम हुनेछ।

ख) लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा सञ्चालन कपी परीक्षण लगायतका थप प्रकृयाहरू तोकिए बमोजिम हुनेछ।

ग) छनोट समितिले बिषयगत प्रकृति हेरी लिखित, मौखिक र प्रयोगात्मक परीक्षासमेत लिन सक्नेछ तर उम्मेदवारलाई प्रभाव पार्ने वा छनोटसम्बन्धी सिमित दायरा बनाई ब्यक्ति लक्षित गर्ने आधारहरु तय गर्न मिल्ने छैन।
घ) अन्तर्वार्ता लिदा कम्तिमा ३५% र बढिमा ७०% भन्दा घटीबढी अङ्क दिन पाइने छैन घटीबढी दिनु परेमा कारण खुलाउनु पर्नेछ।

ङ) शिक्षक नियुक्तिका लागि सिफारिस भएको उम्मेदवारहरूको योग्यताक्रम प्राप्ताङ्कको आधारमा प्रकाशन गरिनेछ र अन्तिम नतिजाको सूची प्रकाशन गर्दा नियुक्तिका लागि सिफारिस उम्मेदवार र कम्तिमा १ जना वैकल्पिक उम्मेदवारको सिफारिस गर्नु पर्नेछ तर छनोट प्रकृयामा वैकल्पिक उम्मेदवार सिफिरिस हुन नसकेमा नतिजा प्रकाशनमा बाधा पर्ने छैन।

## परिच्छेद-६

**७. करारमा शिक्षक नियुक्तिसम्बन्धी व्यवस्थाः -**

क) शिक्षक छनोट समितिबाट सिफारिस भै आएको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले बढीमा १ (एक) शैक्षिक सत्रका लागि करारमा नियुक्ति गर्न सक्नेछ।

ख) यसरी नियुक्ति गर्दा सेवा सर्त एवं सुविधासहित उल्लेख गरी करार गराई नियुक्ति गर्नु पर्नेछ।

ग) करारमा नियुक्ति गरेको शिक्षकको फाइल अभिलेखीकरण नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुनेछ।

घ) करारमा शिक्षक नियुक्ति भएको १(एक) शैक्षिक सत्र भित्र पनि सो पदमा स्थायी पदपूर्ति नभएमा विद्यालय व्यवस्थापन समितिले ६/६ महिनाका लागि करार म्याद थप गर्न सक्नेछ। यसरी म्याद थप भएको जानकारी नगरपालिकालाई सम्बन्धित विद्यालयले दिनुपर्नेछ।

## परिच्छेद - ७

**८. विषयविशेषज्ञ सम्बन्धी व्यवस्था:**

८.१, यस कार्यविधिको दफा ४ को उपदफा ४.२ मा व्यवस्था भएका विषय विशेषज्ञसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

क) विषय विशेषज्ञको सूचीकृत गर्नका लागि प्रत्येक वर्षको बैशाख महिनामा सूचीकृत हुन चाहनेहरूका लागि कम्तिमा १५ (पन्ध्र) दिने म्याद राखी नगरपालिकाले सूचना प्रकाशन गर्नेछ।

ख) विशेषज्ञ सूचीकृत हुनका लागि तोकिएको योग्यता र सर्त पुरा गरेको हुनु पर्नेछ।

ग) विषय विशेषज्ञ ३ (तिन) बर्षका लागि सूचीकृत गरिनेछ।

८.२ विषय विशेषज्ञ हुनका लागि देहाय बमोजिमको योग्यता पुगेका व्यक्ति योग्य हुनेछन्।

क) माध्यमिक तह (९-१२) का लागि विज्ञ सूचीकृत हुन सम्बन्धित तहमा ५ बर्ष स्थायी सेवा भै शिक्षा शास्त्र अन्तर्गत सम्बन्धित बिषयमा स्नातकोत्तर गरेको।

ख) आधारभूत तह  लागि विज्ञ सूचिकृत हुन सम्बन्धित तहमा ५ बर्ष स्थायी सेवा भै शिक्षा शास्त्र अन्तर्गत सम्बन्धित बिषयमा स्नातक गरेको।

ग) बिषय विज्ञ सूचीकृत हुन चाहनेले जुन तहका लागि सूचीकृत हुन चाहेको हो सोही तहका लागि निवेदन दिनु पर्नेछ।

८.३ नियम ८.१ बमोजिम निम्न माध्यमिक र माध्यमिक तहको  विषयगत परीक्षा सञ्चालन गर्दा सम्बन्धित विषयको विशेषज्ञ नगरपालिका भित्र सूचीकृत नभएको अवस्थामा जिल्ला भित्रका अन्य पालिकाका सूचीकृत विषय विशेषज्ञबाट छनोट गरी परीक्षा सञ्चालन गरिनेछ।

८.४ नियम ८.३ मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला भित्रका अन्य पालिकामा पनि सूचीकृत विषय विशेषज्ञ उपलब्ध नभएमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका विज्ञलाई आमन्त्रण गरी परीक्षा सञ्चालन गरिनेछ।

## परिच्छेद -८

### ९. प्रश्नपत्र बैङ्कको व्यवस्था:

क) करारमा शिक्षक नियुक्ति प्रयोजनका लागि नगरपालिकाले प्रश्नपत्र बैक व्यवस्था गर्नेछ।

ख) प्रश्नपत्र बैङ्कमा यस नगरपालिकामा सूचीकृत भएका विषय विज्ञबाट शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार वस्तुगत एवं विषयगत (समूहगत) रूपमा तयार गरिनेछ।

ग) प्रश्नहरु समूहगत रुपमा अलग-अलग निर्माण गरी खामबन्दी र शिलबन्दी गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

घ) प्रश्नपत्र बैङ्कमा प्रत्येक तहको वस्तुगत एवं विषयगतको संख्या कम्तिमा ५/५ सेट प्रश्नहरूको संगालो अध्यावधिक रूपमा रहनेछ।

ङ) प्रश्नहरू निर्माण भै सकेपछि बन्दी खाममा कोडिङ् गरी राखिनेछ।

च) प्रश्नपत्रहरू संकलन एवं निर्माण गर्दा कार्यशालाको रूपमा वा व्यक्तिगत सम्पर्कबाट पनि गर्न सकिने छ।

छ) प्रश्चनपत्र बैङ्कमा खामबन्दी थैलाबन्दी एवं बाकस बन्दी गरी सोको मुचुल्का गरी इलाका प्रहरी कार्यालय ठाडामा राखिनेछ।

ज) शिक्षक छनोटका लागि प्रयोग भएका प्रश्नहरूबाहेक अन्य प्रश्नहरू पुनः बन्द गरी राख्ने व्यवस्था गरिनेछ।

झ) प्रश्नपत्रहरु शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, शिक्षक छनोट समिति र प्रहरी प्रतिनिधिको रोहबरमा बैङ्कबाट निकाल्ने र पुन: बन्द गरिने छ। साथै नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद-९

### विविध:

क) छनोट समितिले यस कार्यविधि र निर्णय बमोजिमको प्रक्रिया रीत नपु-याई शिक्षक नियुक्त गरिएमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले त्यसरी नियुक्ति भएको ६ महिनासम्म त्यस्तो निर्णय बदर गर्न वा आवश्यक कारबाहीका लागि नगरपालिका समक्ष सिफारिस गर्न सक्नेछ।

ख) यस कार्यविधिको पालना भए नभएको अनुगमन नगरपालिका एवं नगर शिक्षा समितिबाट हुनेछ।

ग) यस कार्यनविधि बमोजिम कार्यसम्पादन गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा नगर शिक्षा समितिको सिफारिस अनुरुप नगरकार्यपालिकाबाट हुनेछ ।

घ) परीक्षा संचालन अवधिभर नगरपालिकाको प्रमुख, उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट अनुगमन हुनेछ ।

ङ) यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोगका नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

च) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज भई प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमाणित मितिः- २०७९/०६/०८**

आज्ञाले
झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत